# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८
चलानी नं :- १६६

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
२०७३

मिति २०७७।४।१६

**विषयः- <u>सहकारी संस्थाका लागि मार्गदर्शन एवं निर्देशनहरु सम्बन्धमा।</u>**

श्री सहकारी संस्थाहरु (सबै),
टोखा नगरपालिका ।

उपरोक्त सम्बन्धमा सहकारी विभाग नयाँ बानेश्वर, काठमाडौंको मिति २०७७।४।९, च.नं ५५ को सहकारी संथाका लागि मार्गदर्शन एवं निर्देशनहरु सम्बन्धि पत्र यसैसाथ संलग्न छ सोही पत्रवाट व्यहोरा अवगत गर्नुभई यस टोखा नगरपालिकाभित्र संचालित सहकारी संस्थाहरुले पनि सो मार्गदर्शन पालना गर्नुहुन जानकारी गराईन्छ

७७।४।१६
अनिल प्रसाद जोशी
अधिकृत (सातौं)

सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५Email : hellotokha@gmail.com/Website:
tokhamun.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७७/७८
चलानी नं:- ५५

# सहकारी संस्थाका लागि मार्गदर्शन एवं निर्देशनहरू

परिपत्र: ०१/०७७-०७८/अनुगमन/मार्गदर्शन मिति: २०७७/०४/०९

सबै सहकारी संस्थाहरू

कोभिड-१९ को महामारीबाट पर्ने प्रभावको सामना गर्न धेरै देशले विस्तारकारी मौद्रिक एवं वित्त नीति अवलम्बन गरेको अवस्थामा नेपालको मौद्रिक नीतिले समेत बैंक वित्तीय संस्था, विभिन्न पेशा, व्यवसायलाई सहुलियत, छुट र सुविधा प्रदान गर्दै नियमन गर्ने काम गरेको छ । कोभिड १९ र आर्थिक वर्ष २०७७।०७८ को मौद्रिक नीतिका सन्दर्भमा सहकारी क्षेत्रले गर्नुपर्ने तयारीका सम्बन्धमा मिति २०७७।०४।०६ गते सहकारी अभियानको सहभागितामा सहकारी विभागमा भएको छलफल र प्राप्त सूझावसमेतलाई समेटी २०७७।०४।०९ गतेको विभागीय निर्णयानुसार देहायबमोजिमको मार्गदर्शन जारी गरिएको छ ।

१. महामारीको समयमा संस्थामा जोखिम व्यवस्थापनलाई सुरक्षित र प्रभावकारी बनाउन सञ्चालक समितिका पदाधिकारी संयोजक र व्यवस्थापन प्रमुख (व्यवस्थापक) सदस्य रहने गरी कम्तीमा तीन जनाको जोखिम व्यवस्थापन कार्यदल गठन गर्ने ।

२. संस्थाहरुले नियामक निकायलाई प्रतिवेदन तथा पत्राचार गर्नुपर्दा विद्युतीय रुपमा प्रतिवेदन पेश तथा पत्राचार गर्ने ।

३. सहकारीहरुले संस्थागत रुपमा खर्चमा मितव्ययिता अपनाउने र सो कार्य गर्न सदस्यलाई समेत अभिप्रेरित गर्ने र संस्थाले आन्तरिक सुशासन कायम गरी विभागबाट समय समयमा दिएको निर्देशन लगायतका परिपत्रको पालना गर्ने ।

४. कोभिड १९ को महामारीबाट प्रभावित आर्थिक क्षेत्रलाई पुर्नउत्थान गर्न उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासका क्षेत्रमा सदस्यहरुलाई सहुलियतपूर्ण कर्जा/पुनरकर्जा प्रवाहमा सहकारी संस्थाहरुले प्राथमिकता दिने ।

५. कृषि उत्पादन बढाउन र सुरक्षित उपभोगको लागि पारिवारिक खेती प्रर्वद्धन, करेसाबारी तथा कौशी खेतीमा जोड दिने, जमिन बाँझो नराख्ने तथा खाने बानीमा परिवर्तन गर्ने जस्ता कुराहरुमा सहकारीहरुले आफ्ना सदस्यहरु तथा समाजका अन्य जनसमुदायलाई सुसूचित र अभिप्रेरित गर्ने ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०७७/७८
चलानी नं -

६. उत्पादित सामग्री स्थानीय स्तरमा वा नजिकको बजारमा बिक्री वितरण गर्ने । कृषि उपजहरु खरिद र बिक्री वितरणका लागि स्थानीय तह, प्रदेश र जिल्ला प्रशासनसंग समन्वय गरी किसानको उत्पादन बिग्रन नदिन सजग रहने ।

७. आ.व २०७६/०७७ को असुली हुन बाँकी ब्याज रकमलाई श्रावण महिनाभरी प्राप्त भएमा अघिल्लै आ.व.को आम्दानी मानी लेखाङ्कन गर्न चाहेमा एकपटकका लागि बाधा नपर्ने ।

८. कोभिड-१९ को कारणले तोकिएको समयभित्र ऋणको ब्याज र किस्ता भुक्तान गर्न नसकेका ऋणीहरुको हकमा २०७६ पौष मासान्तमा PEARLS मूल्याङ्कन प्रणाली बमोजिम जे जति प्रतिशत कर्जा नोक्सानी कोष व्यवस्था गरिएको छ, त्यस्ता ऋणी सदस्यको हकमा २०७७ आषाढ मसान्तसम्मको लागि संस्थाले आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था मिलाई त्यत्ति नै प्रतिशत कर्जा नोक्सानी कोषको व्यवस्था गर्न बाधा नपर्ने ।

९. २०७७ असार मसान्तसम्म असुल हुन नसकेको कर्जाको किस्ता ऋणी सदस्यको आवश्यकता र व्यवसाय सुचारु हुन लाग्ने समय र जोखिमको मुल्याङ्कन गरी संचालक समितिको निर्णयानुसार बढीमा ६ महिनासम्म भाखा सार्न सकिने तर नियामक निकायको पूर्व स्वीकृती लिएर भने १ वर्ष सम्म भाखा सार्न सकिने ।

१०. कोभिड-१९ को महामारीले ऋणी सदस्यमा परेको प्रभावको कारण साँवा वा ब्याजको भुक्तानी म्याद थप गरेवापत ऋणी सदस्यहरुवाट ब्याज, अतिरिक्त शुल्क तथा जरिवाना लिई रहनु नपर्ने ।

(चोमेन्द्र न्यौपाने)
**उप-रजिष्ट्रार**

**वोधार्थ :-**
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय,
सिंहदरवार ।

श्री राष्ट्रिय सहकारी महासंघ, लि.
पुल्चोक, ललितपुर ।